११००।692

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. १४३/२०७१/०७२

निर्णय नं. ७१२

बारा जिल्ला गा.वि.स. गंजभवानीपुर व.न..२ बस्ने शिवशंकर मिश्र............................१ पुनरावेदक

विरूद्ध

श्री प्रधानध्यापक, श्रीभोला उच्च मा.वि., जिल्ला बारा ......................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला बारा जिल्ला गा.वि.स. गंजभवानीपुर व.न..२ बस्ने शिवशंकर मिश्रले श्रीभोला उच्च मा.वि., जिल्ला बारा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष पछिल्लो पटक मिति २०७२।०२।११ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगबाट मिति २०७२।०५।१७ मा सूचना उपलब्ध गराउन पत्राचार गरेको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्बवत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्